# के तपाईंलाई थाहा थियो ?

नेपालको भारतीय सीमामा पर्ने तराईको समथर जमिनमा बाढी आउनु नियमित घटना हो। नदीमा आउने आकस्मिक बाढीले घरेलु सम्पत्ति र खेतीयोग्य जमिनलाई असर गर्छ। वर्षौंदेखि स्थानीय बासिन्दा विशेष गरी बूढापाका र अन्य सिर्जनशील किसान आफ्नो दैनिक अवलोकन र वरिपरिको वातावरणको व्यावहारिक अनुभवका आधारमा बाढीका बारेमा विशेष ज्ञान हासिल गर्दै आएका छन्। बाढीसँगै सम्बन्धित स्थानीय कथा तथा विभिन्न समयमा मानिस कसरी त्यहाँ रहँदै आए र आफ्नो जमिनको पहिचान गर्ने गरे भन्ने विषयमा जानकारी दिन्छन्। उनीहरूका भनाइबाट विगतका बाढीको इतिहास र प्रकृतिका बारेमा धेरै जानकारी पाउन सकिन्छ। उदाहरणका लागि मानिसले नदीको स्वरूपमा आएको परिवर्तनलाई देखेका छन्। त्यसबाट सामान्य र असाधारण बाढीबीचको भिन्नतालाई छुट्याउँछन्। हिन्दू धर्मावलम्बीहरूमा उनीहरूका जीवन कथाले मानिसको बाढीहरूसँग सामिप्यता कायम गर्ने क्षमताका विषयमा र विभिन्न जातीय समूहको प्रभावका बारेमा जानकारी गराउँछन्। यी कथाहरूले बाढीले कसरी गरिबलाई झन् गरिब बनाउँछ तथा धनीले कसरी फाइदा लिन्छन् भन्ने विषयलाई उजागर गरेका छन्।

जब गाउँ अथवा माथिल्लो भेगमा रहेका पर्वतहरूमा निरन्तर रूपमा धेरै पानी पर्छ अनि त्यहाँका मानिसलाई यो भविष्यमा आउने बाढीको संकेत हो भन्ने थाहा हुन्छ। यसले उनीहरूलाई खतराप्रति सजग बनाउँछ। बाढी आउनु भन्दा अगाडि उनीहरूले पानीको गन्ध, रङ्ग तथा पानीको वेगले गर्दा आउने आवाजमा परिवर्तन आएको थाहा पाउँछन् साथै काठ तथा मरेका जनावर तैरिरहेको देख्छन्। उनीहरूको घरायसी अवस्था (उदाहरणका लागि सामाजिक-आर्थिक अवस्था, बाहिर भएका नातेदारहरूसँग भर पर्नसक्ने क्षमता, पीडित सदस्यहरूको संख्या जस्तै बिरामी अथवा वृद्ध मानिस वा गर्भवती महिला) हेरेर केही परिवारका सदस्यहरूले बाढी आउनु भन्दा पहिले नै घर छोड्न सक्छन् वा पानी बढी मात्रामा बग्न थालेपछि गाउँको कुनै सुरक्षित ठाउँमा, साथीकोमा अथवा गाउँभन्दा बाहिरका नातेदारकहाँ जान सक्छन्। स्थानीय बासिन्दाले बाढीबाट बच्नको लागि उचाइमा रहेको अग्ला निजी घर वा चोक, सार्वजनिक मैदान तथा सुरक्षित सरकारी भवन प्रयोग गर्छन् साथै गाईवस्तु पनि सँगै लग्छन्। उनीहरूको आर्थिक अवस्था अनुसार बाढीको समयमा गाउँमा नै बस्ने परिवारले वर्षाको मौसम आउनुभन्दा एकदेखि तीन महिना अगाडिदेखि नै खाना तथा दाउरा सञ्चय गर्न शुरु गर्छन्।

केही परिवारहरूले बारम्बार आउने बाढीमा कसरी जोगिने भन्ने कुरा सिकेका छन् भने केही धनी परिवार जोसँग धेरै जमिन छ उनीहरूले यो समयलाई एउटा मौकाको रूपमा लिन्छन्। अर्कातर्फ केही गरिब परिवारहरूले यस्तो अबस्थासँग

भिज्ने प्रयास गरे पनि अन्य भने सहायता र विकल्पको अभावमा गरिबीको चक्रमा झन् जकडिन पुग्छन् । मानिसले केही रणनीतिहरू अनुशरण गर्न थालेका छन् जसमा निर्माणको काममा फरक सामग्रीहरूलाई आपसमा मिलाएर प्रयोग गर्ने, घरको जगलाई अग्लो बनाउने र उनीहरूको घरको भित्तोलाई बलियो बनाउन त्यससँग जोडेर माटो थुपार्ने, बाँसको बार लगाउने र बोटबिरुवा रोप्ने आदि पर्छन् । स्थानीय परम्परागत निर्माण कार्य जस्तै खाद्यान्न भण्डारण गर्ने भकारी, बहु-उद्देश्यीय मञ्च र माटोका चक्काले मानिसलाई खाद्यान्न भण्डार गर्न र अन्य महत्वपूर्ण सर-सामान अग्लो स्थानमा राख्न मद्दत गर्छन् । केही स्थानमा भने पिउने पानीको धारा (कल) अग्लो गरेर बनाउने, गाउँलाई बाढीबाट जोगाउन स्थानीय वस्तुहरूको प्रयोग गरेर तटबन्ध निर्माण गर्ने र बाढीको समयमा गाउँलाई बाहिरी संसारबाट पूरै अलग हुन नदिन स-साना डुङ्गाको निर्माण गर्ने जस्ता काम भएका छन् । अन्य उपायहरूमा मौसमी वा स्थायीरूपमा बसाइँ सर्ने, बाढीबाट बच्न पहिले नै खाद्यान्न र दाउरा सङ्कलन वा सुकाउने, भूमि व्यवस्थापन रणनीतिमा परिवर्तन गर्ने, नदी किनारामा भू-संरक्षण गर्ने, चरन र दाउरा काट्ने कुरामा अनौपचारिक नियम बनाउने र फरक फरक स्थानमा जमिन जोड्ने छन् । अन्त्यमा, विगतका गल्तीबाट पाठ सिक्ने प्रवृत्तिले मानिसलाई भविष्यमा आउने बाढीका लागि तयार रहन सक्षम बनाउँछ ।

स्थानीय मानिसले विशेष गरी मौखिकरूपमा, स्थानीय कथा, गीत र उखानहरूका माध्यमबाट विगतका प्राकृतिक प्रकोपका बारेमा एउटा पुस्ताबाट अर्को पुस्ता र एक स्थानबाट अर्को स्थानमा जानकारी गराउने गर्छन् । बाढीसँग सम्बन्धित गीत र उखानले मानिसलाई विगतका घटनाको सम्झना गराउन सहयोग पुऱ्याउँछ । यसले नयाँ पुस्ता जसले कहिले-काहीं आउने बाढी नदेखेका हुन सक्छन्, उनीहरूमा जनचेतना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । दूर्भाग्यवश, रेडियो र टेलिभिजनको बढ्दो प्रवृत्तिका कारण स्थानीय गीत गाउने मानिस राम्रो आम्दानी हुने कामको खोजी गर्न गाउँभन्दा बाहिर जाने गर्छन् । मौखिक परम्परा कमजोर बन्दैछन् त्यसकारण लोक स्मृतिहरूलाई समेट्ने र अरूसम्म पुऱ्याउनका लागि नयाँ उपायको आवश्यकता रहेको छ ।